चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण ) ऐन २०२६ को दफा ३ मा चलचित्र, निर्माण वितरण र प्रदर्शन गर्न इजाजत लिनुपर्ने कानूनी व्यवस्था गरेको छ । सोही ऐनको दफा ३(१) मा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकृतबाट इजाजतपत्र नलिइ कसैले देहायको चलचित्र निर्माण गर्न वितरण गर्न वा प्रदर्शन गर्नु हुँदैन :-

(क) कथानक चलचित्र ,र

(ख) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य किसिमको चलचित्र ।

सोही ऐनको दफा १२ ले सजाय र पुनरावेदनको व्यवस्था गरेको छ । ऐनको दफा १२(१) अनुसार यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लंघन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयासम्म जरीवाना गरी निजले पाएको इजाजतपत्र समेत खारेज गर्न सक्ने व्यवस्था रहेको छ । साथै कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई चलचित्र निर्माण, प्रदर्शन वा वितरण गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई उपदफा (१) मा लेखिए बमोजिम जरीवाना गरी त्यस्तो चलचित्र र सो चलचित्र निर्माण,प्रदर्शन वा वितरण गर्दा प्रयोग गरिएका उपकरणहरु समेत जफत गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण ) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण ) नियमावली, २०५७ बमोजिम यस मन्त्रालयबाट विदेशी व्यक्ति वा संस्थालाई चलचित्र निर्माण गर्न र यस मन्त्रालय अन्तर्गतको चलचित्र विकास बोर्डबाट स्वदेशी व्यक्ति वा संस्थालाई चलचित्र निर्माण,प्रदर्शन तथा वितरण गर्न इजाजतपत्र प्रदान गरिदै आएको छ ।

चलचित्र निर्माण, प्रदर्शन तथा वितरणको सम्बन्धमा यस्तो कानूनी प्रावधान रहेको अवस्थामा नेपालराज्यका केही स्थानहरुमा स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाहरुले सम्बन्धित निकायको स्वीकृति नलिई कथानक चलचित्र, वृत्तचित्र आदिको छायाङ्कन गर्ने गरेको बुझिन आएको छ । यसरी सम्बन्धित निकायबाट अनुमति नलिइ कथानक चलचित्र र वृत्तचित्रहरुको छाँयाङ्कन र निर्माण गर्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक देखिएकोले तहाँबाट सबै जिल्ला प्रशासन कार्यालयहरुलाई अनुमतिपत्र नलिई अनधिकृत रुपमा चलचित्र एवं वृत्तचित्रहरुको निर्माण र छायाँकन गर्ने कार्यलाई नियन्त्रण र कारवाहीका लागि आवश्यक निर्देशन हुन आदेशानुसार अनुरोध छ ।